# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, जेठ ११ गते २०५८ साल (अतिरिक्ताङ्क १२

## भाग ३

### निर्वाचन आयोगको

#### सूचना १

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) को प्रयोजनका लागि निर्वाचनद्वारा पूर्ति भएका राष्ट्रियसभाका सदस्यका पदहरूमध्ये मिति २०५८।३।१२ मा पदावधि पूरा भई रिक्त हुने १ जना महिला सदस्य सहित ११ (एघार) स्थानहरूमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (५) बमोजिम निर्वाचनद्वारा पदपूर्ति गर्न राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ५ को उपदफा (१) को प्रयोजनका लागि निर्वाचन आयोगले २०५८ साल असार १३ गतेका दिन बिहान ८:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म मतदान हुने मिति र समय तोकेको छ ।

#### सूचना २

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) को प्रयोजनका लागि एकजना महिला सदस्य समेत एघार (११) जना राष्ट्रियसभा सदस्यहरूको रिक्त हुने स्थान पूर्तिको लागि २०५८ साल असार १३ गते हुने निर्वाचनको प्रयोजनका निमित्त राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले संसद सचिवालयका महासचिव डा. श्री ईश्वरप्रसाद उपाध्यायलाई निर्वाचन अधिकृत नियुक्त गरी संसद सचिवालयको भवनमा निर्वाचन अधिकृतको कार्यालय रहने स्थान तोकेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) को प्रयोजनका लागि मिति २०५८।३।१३ मा हुने ११ (एघार) जना राष्ट्रियसभा सदस्यहरूको निर्वाचनको निमित्त मतदान गर्ने प्रयोनको लागि निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा २० क. को उपदफा (१) बमोजिम निर्वाचन अधिकृतको कार्यालय संसद भवन सिंहदरबारमा मतदानकेन्द्र रहने गरी तोकेको छ ।

## सूचना ४

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ग) को प्रयोजगका लागि नेपाल अधिराज्यको पाँच विकास क्षेत्रबाट निर्वाचन-द्वारा पूर्ति भएका राष्ट्रियसभा सदस्यका पदहरू मध्ये मिति २०५८।३।१२ मा पदावधि पुरा भई रिक्त हुने प्रत्येक विकास क्षेत्रमा एक एक पद गरी पाँच स्थानमा नेपाल अधिराज्यको संबिधान, २०४७ को धारा ४६ उपधारा (५) बमोजिम निर्वाचन-द्वारा पदपूर्ति गर्न राष्ट्रियसभा सदस्य निर्वाचन ऐन २०४८ को दफा ५ को उपदफा (१) को प्रयोजनको लागि निर्वाचन आयोगले २०५८ साल असार १३ गतेका दिन बिहान ८.०० बजेदेखि अपराह्न ५.०० बजेसम्म मतदान हुने मिति र समय तोकेको छ ।

## सूचना ५

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ग) को प्रयोजनका लागि पाँच विकास क्षेत्रबाट एक एक जना राष्ट्रियसभा सदस्यहरूको रिक्त हुने स्थान पूर्तिको लागि २०५८ साल असार १३ गते हुने निर्वाचनको प्रयोजनको निमित्त राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको विकास क्षेत्रमा देहाय बमोजिमका निर्बाचन अधिकृतहरू नियुक्त गरी निर्वाचन अधिकृतको कार्यालय रहने स्थान देहाय बमोजिम तोकेको छ ।

| क्र.सं. | विकास क्षेत्र | निर्वाचन अधिकृतको नाम, थर | निर्वाचन अधिकृतको कार्यालय रहने स्थान |
|---|---|---|---|
| १. | पूर्वाञ्चल विकास क्षेत्र | श्री नन्दराज अधिकारी माननीय न्यायाधीश, पुनरावेदन अदालत, धनकुटा | धनकुटा जिल्लाको धनकुटा नगरपालिका क्षेत्रभित्र |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २. | मध्यमाञ्चल विकास क्षेत्र | श्री बुद्धिकान्त मैनाली, माननीय न्यायाधीश, पुनरावेदन अदालत, पाटन | काठमाडौं जिल्लाको काठमाडौं महानगर पालिका क्षेत्रभित्र |
| ३. | पश्चिमाञ्चल विकास क्षेत्र | श्री ताहिर अलि अन्सारी, माननीय न्यायाधीश, पुनरावेदन अदालत, पोखरा | कास्की जिल्लाको पोखरा उप महानगर-पालिका क्षेत्रभित्र |
| ४. | मध्यपश्चिमाञ्चल विकास क्षेत्र | श्री तर्कराज भट्ट, माननीय न्यायाधीश, पुनरावेदन अदालत, सुर्खेत | सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगर-पालिका क्षेत्रभित्र |
| ५. | सुदूर पश्चिमाञ्चल विकास क्षेत्र | श्री दामोदर पुरूष ढकाल, माननीय न्यायाधीश, पुनरावेदन अदालत, दिपायल | डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका क्षेत्र भित्र |

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

४९

मुद्रण विभाग, सिंहदरबार